नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np

नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

मिति :७०५।०७२

# प्रेस विज्ञाप्ती

आदिवासी जनजाति, मधेशी, महिला, मुस्लिम, फरक शारिरीक अवस्था भएका, दलित, पिछाडा समुदाय माथी भएको भाषिक, साँस्कृतिक, धार्मिक विभेदमा रहेका समुदायहरुको समुदायगत आन्दोलन, ०६२/०६३ को जनआन्दोलनको धरतालमा टेकेर राजतन्त्रको समाप्ती भएको हो । राजतन्त्रको समाप्ती पश्चात नेपालमा आमुल परिवर्तन गर्ने र हुने नेपाली जनताको चाहना अनुसार नेपाल नयाँ प्रक्रियमा प्रवेश भएको हो ।

नेपालमा संविधानसभाको निर्वाचन, संविधानसभाको गठन, संविधानसभावाट नयाँ संविधान निर्माण र राज्य पुन:संरचना मार्फत सदियौ देखी राज्यको मुल प्रवाहवाट पछाडी पारिएको आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, महिला, फरक शारिरीक अवस्था र पिछाडा वर्ग सवैलाई समनुपातिक समावेशि सिदान्तको आधारमा राज्यको मुल प्रवाहमा समावेशीकरण गर्ने अठोटका साथ यो प्रक्रियामा प्रवेश भएको आम नेपाली जनता र अन्तराष्ट्रिय समुदाय समक्ष छर्लङ्ग छ ।

दोश्रो संविधानसभाको पहिलो वैठकले पहिलो संविधानसभामा भएको सहमतिहरुलाई ग्रहण गरेको आम नेपाली जनता र अन्तराष्ट्रिय समुदाय समक्ष सार्वजनिक गरी प्रतिवद्धता जाहेर गरेको थियो ।
अहिले जनप्रतिनिधि मुलक संस्था संविधानसभालाई लत्याएर सिमीत ४ दलको पदिय भागवन्डाको लागी संविधानसभा वाहिरवाट निणर्य गरी जनताको मागलाई वेवास्ता गरी दलिय भागवन्डाको स्वार्थमा लिप्त भएर संविधान निर्माण प्रक्रिया र राज्य पुन:संरचना राज्यको सम्पूर्ण संरचना आदिवासी आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, महिला, फरक शारिरीक अवस्था र पिछाडा वर्ग समुदाय सवैको विरुद्धमा गर्न लागेको प्रति नेपाल आदिवासी जनजाति महासंघ गम्भीर विमति पहिचान विनाको संघीयता आदिवासी जनजातिहरुको ऐतिहासीक थातथलोलाई टुक्र्याएर गरिएको राज्य पुन:संरचनाको सिमाङ्क**कन** प्रति हाम्रो अपनत्व रहने छैन ।

तत्कालीन नेपाल सरकार र आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संघ संस्थाहरु सँग गरिएको २० वुदें र ९ वुदें सम्झौता, आदिवासी जनजातिहरुको हकअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि, घोषण पत्र र अन्य दस्तावेज नेपाल सरकारले अनुमोदन र हस्ताक्षर गरेका दस्तावेजहरुको आधारमा संविधान निर्माण गर्नु पर्दछ ।

नेपाल आदिवासी जनजाति महासंघले राजनितिक दल र संविधानसभालाई दववा दिन आयोजित भदौ ६ र ७ गतेको नेपाल वन्दको कार्यक्रममा सरकारवाट अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रको खिल्ली उडाउदै आन्दोकारी माथी भएको व्यापक दमनको हामी घोर निन्दा र भत्सर्ना गर्दछौं । सरकारी दमनको विरुद्ध पुन शक्त आन्दोलन गर्ने पनि यसै विज्ञाप्ती मार्फत जानकारी गराउदा छौं ।

साथै आनदोलनको घाईतेहरुको उपचारको खर्च सरकारले व्याहोर्न र गिराफ्तार भएको हाम्रा सवै आनदोलनकारीहरुलाई तत्काल रिहा गर्न जोडदार माग गर्दछु ।

## हाम्रो निम्न मागहरु सम्वोधन नभए सम्म हाम्रो आन्दोलन जारी रहने छ ।

**१. पहिचान सहितको प्रदेश ।**

**२. राज्य पुन:संरचना गर्दा आदिवासी जनजातिहरुको थातथलो नटुक्र्याई गर्नु पर्ने ।**

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np


नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद्को सचिवालय स्था.२०४७

३. राज्य सबै संयन्त्रहरुमा समानुपातिक समावेशीकरण हुनु पर्ने ।

४. अन्तरीम संविधानमा व्यावस्था भएको धर्म निरपेक्षता हटाउन नपाईने ।

५. संविधानकाको मौलिक हकमा आदिवासी जनजातिको अधिकार संवन्धि छुटै व्यावस्था हुनु पर्ने ।

६. नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संघसंस्था गरेको सम्झौता अक्षरस कार्यव्ययन हुनु पर्ने ।

७. आदिवासी जनजातिको अधिकार सम्वन्धि **ILO No. 169**, **UNDRIP** लगायतका अन्तराष्ट्रिय दस्तावेज अनुसार संविधानमा आदिवासी जनजाातिको अधिकार सुनिश्चित गर्नु पर्ने ।

८. आदिवासी जनजातिहरुको अधिकार वारेमा पहिलो संविधानसभामा भएका सहमतिहरुलाई अक्षरस पालन गर्नु पर्ने

९. राज्य पुनःसंरचना गर्दा नामाङकन र सिमाङकन संविधानसभावाटै सुनिश्चित गर्नु पर्ने ।

२ दिने नेपाल वन्दको क्रममा भएको सरकारी दमनको विरुद्ध र आदिवासी जनजातिहरुको अधिकार नयाँ संविधानमा सुनिश्चित गराउन जातिय सदस्य संगठनहरु सँग वैठक लगत्तै पुन कडा आन्दोन घोषणा गरिने छ ।

..........................
नगेन्द्र कुमार कुमाल
अध्यक्ष